# रूपा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रूपाकोट, कास्की

गण्डकी प्रदेश, नेपाल

# समूह तथा सहकारीसँगको सहकार्यमा साइलेज तथा दाना उद्योग स्थापना र सञ्चालन कार्यविधि, २०८३

प्रकाशन:

रूपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

रूपाकोट, कास्की

स्वीकृत मिति: २०८३/०४/१३

# रूपा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रूपाकोट, कास्की, गण्डकी प्रदेश

# समूह तथा सहकारीसँगको सहकार्यमा साइलेज तथा दाना उद्योग स्थापना र सञ्चालन कार्यविधि, २०८३

**प्रस्तावना:**

रूपा गाउँपालिका क्षेत्रभित्र रहेका बाँझो, उपयोग विहीन तथा निजी/सार्वजनिक जमिनको समुचित प्रयोग गरी स्थानीय कृषक, कृषक समूह तथा सहकारी संस्थाको सहकार्यमा व्यावसायिक मकै र नेपियर/सुपर नेपियर घाँस खेती विस्तार गर्ने, पौष्टिक पशु आहार (साइलेज र सन्तुलित पशु आहार दाना) उद्योगको स्थापना तथा व्यावसायिक सञ्चालन गर्ने, गाउँपालिकालाई दुग्ध तथा मासु उत्पादनमा आत्मनिर्भर बनाउने र स्थानीय स्तरमा दीगो रोजगारी प्रवर्धन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को १ को भावना अनुसार रूपा गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद – १: प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"रूपा गाउँपालिका समूह तथा सहकारी सहकार्यमा साइलेज तथा दाना उद्योग स्थापना र सञ्चालन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले रूपा गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले रूपा गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ग) "समूह" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका वा गाउँपालिकामा सूचीकृत आमा समूह, कृषक समूह, युवा क्लब वा अन्य व्यावसायिक समूहहरूलाई सम्झनु पर्छ।

(घ) "सहकारी" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई रूपा गाउँपालिका क्षेत्रभित्र कार्यक्षेत्र रहेको कृषि, पशुपालन, दुग्ध वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनु पर्छ।

(ङ) "कृषक" भन्नाले गाउँपालिकाभित्र व्यावसायिक रूपमा पशुपालन, मकै वा नेपियर खेती गरी साइलेज तथा दाना उद्योगलाई कच्चा पदार्थ आपूर्ति गर्ने वा साइलेज तथा दाना उत्पादन गर्ने सूचीकृत कृषक सम्झनु पर्छ।

(च) "साइलेज (Silage)" भन्नाले मकै (घोगा लागेको) वा नेपियर/सुपर नेपियर घाँसलाई तोकिएको आकारमा काटी हावा नछिर्ने गरी मेशिन/प्लास्टिक/साइलेज पिटमा राखी (Fermentation) गरी तयार पारिएको पौष्टिक पशु आहार सम्झनु पर्छ।

(छ) "पशुआहार दाना (Animal Feed)" भन्नाले मकै, खली, चोकर, मिनरल मिक्सचर तथा अन्य पोषक तत्त्वहरू मिलाई मेसिनबाट तयार पारिएको सन्तुलित पशुआहार वा पेलेट/कम्प्याक्ट दाना सम्झनु पर्छ।

(ज) "छनोट समिति" भन्नाले यस कार्यविधिको दफा ९ अनुसार गठित प्रस्ताव छनोट समितिलाई सम्झनु पर्छ।

(झ) "अनुगमन तथा सिफारिस समिति" भन्नाले यस कार्यविधिको दफा ११ अनुसार गठित अनुगमन, मूल्याङ्कन तथा भुक्तानी सिफारिस समितिलाई सम्झनु पर्छ।

## परिच्छेद – २: उद्देश्य र प्राथमिकताका क्षेत्रहरू

**३. उद्देश्य:**

(क) गाउँपालिका भित्रका बाँझो तथा उपयोग विहीन जमिनमा व्यावसायिक मकै र उन्नत नेपियर घाँस खेतीको व्यापक विस्तार गर्नु।

(ख) सुख्खा मौसम (Dry Season) मा हुने पशुआहारको अभावलाई पूर्ति गरी बाह्रै महिना गुणस्तरीय साइलेज तथा सन्तुलित दानाको उपलब्धता सुनिश्चित गर्नु।

(ग) गाउँपालिकालाई दुग्ध, खसीबोका तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाई उत्पादकत्व बढाउनु।

(घ) समूह र सहकारीको साझेदारीमा अत्याधुनिक साइलेज तथा दाना प्रशोधन, ग्राइन्डिङ, मिक्सिङ, प्याकिङ तथा भण्डारण उद्योग स्थापना गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्नु।

(ङ) स्थानीय कृषकहरूलाई सहुलियत मूल्यमा गुणस्तरीय साइलेज र पशुआहार दाना उपलब्ध गराई उत्पादन लागत घटाउनु।

**४. प्राथमिकताका क्षेत्रहरू:**

(क) गाउँपालिकाले निम्न क्षेत्रहरूमा अनुदान, प्राविधिक सहयोग तथा लागत साझेदारी उपलब्ध गराउनेछ: उन्नत मकै तथा नेपियर/सुपर नेपियर घाँस खेती विस्तार।

(ख) साइलेज मेसिनरी (हेभी च्याफ कटर, साइलेज बेलर र र्यापर मेसिन) खरिद तथा जडान।

(ग)पशुआहार दाना उत्पादन मेसिनरी (ग्राइन्डर, मिक्सर, पेलेट मेसिन) खरिद तथा जडान।

(घ) साइलेज पिट, पक्का गोदाम घर तथा भण्डारण संरचना निर्माण।

(ङ)साइलेज प्याकिङ सामग्री, इनोक्युलेन्ट तथा दाना प्याकिङ बोरा सहयोग।

(च) कृषकहरूलाई साइलेज तथा दाना खरिदमा सहुलियत अनुदान।

(छ) बजारीकरण, ब्रान्डिङ तथा ढुवानी सहजीकरण।

## परिच्छेद – ३: अनुदान, लागत साझेदारी र न्यूनतम मापदण्ड

**५. विस्तृत लागत साझेदारी तथा अनुदानको ढाँचा:**

गाउँपालिका र समूह/सहकारी/कृषक बिचको विस्तृत लागत साझेदारी तथा अनुदानको ढाँचा निम्नानुसार रहनेछ:

| क्र. सं. | कार्यक्रम / शीर्षक | गाउँपालिकाको योगदान (अनुदान) | सहभागीको योगदान | मुख्य मापदण्ड / सर्तहरू |
|---|---|---|---|---|
| १ | मकै, नेपियर तथा अन्य घासँ खेती विस्तार सहयोग | बीउ/बेर्ना, रासायनिक तथा प्राङ्गारिक मलमा, जोत्ने खर्चमा ८५% | जमिन तयारी, श्रम तथा व्यवस्थापनमा १५% | • समूहको हकमा: कम्तीमा १० रोपनी।<br>• सहकारीको हकमा: कम्तीमा २५ रोपनी।<br>• कृषकको हकमा: कम्तीमा १ रोपनी। |
| २ | साइलेज तथा दाना मेसिनरी उपकरण तथा (हेभी च्याफ कटर, बेलर, र्यापर, दाना मिल/ग्राइन्डर/मिक्सर लगायत साइलेज तथा दाना सम्बन्धि सम्पूर्ण मेसिनरी उपकरण ) | कुल स्वीकृत लागतको १००% | कुल लागतको ०% | • उच्च क्षमताको मेसिनरी।<br>• वारेन्टी सुनिश्चित हुनुपर्ने।<br>• गाउँपालिकाको सम्पत्ति अभिलेखमा रहने, हस्तान्तरण पश्चात समूह सहकारीको पुर्ण अधिकारमा रहने । |

| | | | | |
|---|---|---|---|---|
| ३ | साइलेज उद्योग/साइलेज पिट / गोदाम घर निर्माण | स्वीकृत लागतको १०० % (अधिकतम रु. ३० लाख सम्म) | जग्गा ब्यवस्थापन | • गाउँपालिकाको प्राविधिक शाखाले स्वीकृत गरेको नक्सा र इस्टिमेट अनुसार निर्माण हुनुपर्ने। |
| ४ | प्याकिङ सामग्री र इनोक्युलेन्ट सहयोग | लागतको १००% | लागतको ०% | • साइलेज ब्याग, र्यापिङ फिल्म, Inoculant र दाना प्याकिङ बोरामा प्रवर्धनात्मक अनुदान। |
| ५ | साइलेज खरिदमा कृषक अनुदान बार्षिक सम्झौता अनुसार | मूल्यको ५०% अनुदान | मूल्यको ५०% प्रतिशत | • गाउँपालिका भित्रका सूचीकृत व्यावसायिक पशुपालक कृषकहरूलाई तोकिएको कोटा अनुसार उपलब्ध गराइने। |
| ६ | दाना खरिदमा कृषक अनुदान | मूल्यको १५% अनुदान | मूल्यको ८५% | • गाउँपालिकाभित्रका सूचीकृत व्यावसायिक पशुपालक कृषकहरूलाई तोकिएको कोटा अनुसार उपलब्ध गराइने। |
| ७ | ढुवानी साधन (ट्याक्टर) खरिदमा अनुदान | मुल्यको ९० प्रतिशत | मुल्यको १० प्रतिशत | साइलेज तथा दाना उद्योगमा प्रयोग हुने |
| ८ | साइलेज उत्पादनमा अनुदान | प्रति केजी रु (०.२५ पच्चिस पैसा मात्र) | | साइलेज उद्योगले मात्रै अनुदान पाउने |
| ९ | अनुगमन मुल्याङ्कन, समिती बैठक भत्ता कार्यालय ब्यबस्थापन लगायत बिबिध | सुरुवात पहिलो वर्ष एकमुस्ट बढीमा बिल भर्पाइ को आधारमा रु पाचँ लाख मात्र | अन्य खर्च आफ्नै ब्यबस्थापन गर्नु पर्ने | उद्योग प्रोत्साहन स्वरुप पहिलो वर्ष को लागि मात्र |

## ६. सहभागीले पूरा गर्नुपर्ने न्यूनतम योग्यता तथा सर्तहरू:

(क) प्रचलित कानुन अनुसार दर्ता भई अद्यावधिक वा नवीकरण भएको (समूह/सहकारीको हकमा)।

(ख) नियमित साधारण सभा र लेखापरीक्षण सम्पन्न गरेको (सहकारीको हकमा)।

(ग) उद्योग वा खेती सञ्चालनका लागि आफ्नै जग्गा भएको वा कम्तीमा ७ वर्षको बहाल सम्झौता भएको।

(घ) उद्योग सञ्चालन स्थलसम्म सडक पहुँच र थ्री-फेज/आवश्यक विद्युत लाइनको पहुँच भएको वा सुनिश्चितता भएको।

(ङ)उत्पादित साइलेज तथा पशुआहार दाना गाउँपालिकाभित्रका स्थानीय कृषकहरूलाई कार्यपालिकाले तोकेको सहुलियत दरमा बिक्री गर्न मञ्जुर भएको।

## परिच्छेद – ४: प्रस्ताव आह्वान, छनोट र समिति सम्बन्धी व्यवस्था

**७. प्रस्ताव आह्वान:** गाउँपालिकाले सार्वजनिक सूचना, आधिकारिक वेबसाइट तथा सूचना पाटी मार्फत कम्तीमा १५ दिनको म्याद दिई बिस्तृत व्यावसायिक कार्ययोजना (Business Plan) सहित आवेदन आह्वान गर्नेछ।

**८. आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू:**

(क) समूह/सहकारी दर्ता, नवीकरण र स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपि।

(ख) संस्थाको साधारण सभा/सञ्चालक समितिको निर्णयको प्रतिलिपि।

(ग)विस्तृत व्यावसायिक कार्ययोजना (जसमा कच्चा पदार्थको स्रोत, उत्पादन क्षमता, दाना तथा साइलेज उत्पादन प्रविधि, लागत, बजार व्यवस्थापन र आम्दानीको प्रक्षेपण हुनुपर्ने)।

(घ) जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि वा कम्तीमा ७ वर्षको जग्गा भाडा सम्झौता पत्र।

(ङ)व्यक्तिगत कृषकको हकमा नागरिकता, जग्गाधनी प्रमाण पुर्जा/भाडा सम्झौता र वडा कार्यालयको सिफारिस।

**९. प्रस्ताव छनोट समिति:**

(क) प्राप्त प्रस्तावहरूको छनोट गर्न निम्नानुसारको छनोट समिति रहनेछ:

- अध्यक्ष, रूपा गाउँपालिका – संयोजक
- प्रमुख प्रशासकीय अधिकृत – सदस्य
- आर्थिक बिकास समिति संयोजक- सदस्य
- कृषि विकास शाखा प्रमुख – सदस्य
- पूर्वाधार शाखा प्रमुख – सदस्य
- लेखा प्रमुख – सदस्य
- रोजगार/लघु उद्यम शाखा प्रतिनिधि – सदस्य
- पशु सेवा शाखा प्रमुख – सदस्य-सचिव

(ख) समितिले आवश्यकता अनुसार प्राविधिक वा क्षेत्रगत बढिमा ३ जना विज्ञहरूलाई आमन्त्रित सदस्यको रूपमा निमन्त्रणा गर्न सक्नेछ ।

(ग)समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

**१०. प्रस्ताव मूल्याङ्कनका आधारहरू:**

छनोट समितिले प्रस्ताव मूल्याङ्कन गर्दा देहायका आधारहरूमा कुल १०० अङ्क प्रदान गरी छनोट गर्नेछ:

(क) कच्चा पदार्थ (मकै/घाँस/दाना उत्पादन सामग्री) को उपलब्धता र खेतीको क्षेत्रफल – ३० अङ्क

(ख) संस्थागत क्षमता, अनुभव र वित्तीय स्थिति – २५ अङ्क

(ग)व्यावसायिक कार्ययोजनाको सम्भाव्यता तथा दीगोपन – २५ अङ्क

(घ) भौतिक पूर्वाधार (सडक, विद्युत, जग्गा) को स्थिति – २० अङ्क

**११. अनुगमन, मूल्याङ्कन तथा भुक्तानी सिफारिस समिति:**

(क) स्वीकृत कार्यक्रमको अनुगमन, कार्यप्रगति मूल्याङ्कन तथा भुक्तानी सिफारिस गर्न निम्नानुसारको अनुगमन तथा सिफारिस समिति रहनेछ:

- उपाध्यक्ष, रूपा गाउँपालिका – संयोजक
- प्रमुख प्रशासकीय अधिकृत – सदस्य
- सम्बधित वडा अध्यक्ष- सदस्य
- कृषि विकास शाखा प्रमुख – सदस्य
- पूर्वाधार शाखा प्रमुख – सदस्य
- लेखा प्रमुख – सदस्य
- रोजगार/लघु उद्यम शाखा प्रतिनिधि – सदस्य
- पशु सेवा शाखा प्रमुख – सदस्य-सचिव

(ख) समितिले आवश्यकता अनुसार प्राविधिक वा क्षेत्रगत बढीमा ३ जना विज्ञहरूलाई आमन्त्रित सदस्यको रूपमा निमन्त्रणा गर्न सक्नेछ ।

(ग)समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

**१२. अनुगमन तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार:**

समितिले अनुगमन तथा मूल्याङ्कन गर्दा देहाय बमोजिमका कार्य गर्नेछ:

(क) सम्झौता अनुसारको कार्यप्रगतिको आधारमा भुक्तानी दिन सिफारिस गर्ने।

(ख) काम अनुसारको आवश्यक सुझाव तथा मार्गदर्शन दिने।

(ग)सम्झौता अनुसार कार्य नभएको पाइएमा भुक्तानी तथा सम्झौता रोक्न सक्ने।

(घ) कार्यक्रमको सञ्चालनमा सहजीकरण गर्न मार्गनिर्देशन गर्ने।

## परिच्छेद – ५: सम्झौता, अनुदान किस्ता भुक्तानी र वित्तीय अनुशासन

**१३. सम्झौता सञ्चालन:**

छनोट भएको समूह, सहकारी वा कृषकसँग गाउँपालिकाले अनुदानको रकम, शर्त, समयसीमा र कार्यप्रगति सूचकाङ्क स्पष्ट खुलाई औपचारिक सम्झौता गर्नेछ।

**१४. सम्झौता नविकरण:**

एक आर्थिक बर्षमा छनौट भई सम्झौता भएको समूह/सहकारिले तोकिएको शर्त र सम्झौता बमोजिम नविकरण गर्नुपर्नेछ ।

**१५. सम्झौता रद्द:**

छनौट भएको समूह/सहकारिको कार्य सम्पादन सन्तोषजनक नरहेमा सम्झौता रद्द गरि जरिवाना सहित अर्को समूह सहकारी छनौटको लागि सुचना आह्वान गरिनेछ ।

**१६. अनुदान किस्ता भुक्तानी प्रक्रिया:**

गाउँपालिकाले उपलब्ध गराउने अनुदान रकम अनुगमन तथा सिफारिस समितिको प्रतिवेदन र कार्यप्रगतिका आधारमा देहाय अनुसार ३ किस्तामा उपलब्ध गराइनेछ:

(क) प्रथम किस्ता (सुरुवात/पेश्की): सम्झौता सम्पन्न भएपछि स्वीकृत अनुदानको २०% (बीस प्रतिशत)।

(ख) दोस्रो किस्ता: मकै/नेपियर खेती विस्तार सम्पन्न भई मेशिनरी खरिद वा पूर्वाधार निर्माणको कम्तीमा ६०% भौतिक प्रगति भएपछि स्वीकृत अनुदानको ६०% (साठ्ठी प्रतिशत)।

(ग)तेस्रो/अन्तिम किस्ता: उद्योग पूर्ण रूपमा सञ्चालन भई साइलेज तथा दाना उत्पादन सुरु भए पश्चात र प्राविधिक अनुगमन प्रतिवेदनका आधारमा बाँकी २०% (बीस प्रतिशत) ।

**१७. मेशिनरी तथा भौतिक सम्पत्ति अभिलेख:**

(क) १००% अनुदानमा खरिद गरिएका साइलेज तथा दाना मेशिनरी उपकरणहरू गाउँपालिकाको सार्वजनिक सम्पत्ति अभिलेखमा दर्ता गरिनेछ। र पालिका बाट प्राप्त मेशिनरी उपकरणहरू बिक्री गर्न वा हस्तान्तरण गर्न पाइने छैन।

(ख) गाउँपलिका बाट अनुदान प्राप्त सम्पुर्ण मेशिनरी सामाग्री र भौतिक सम्पतिको मर्मत सम्भार गर्ने जिम्मेवारी छनौट भएको समूह/सहकारिको हुन्छ ।

(ग)मेशिनरी र भौतिक सम्पतिको अबस्थाको प्रतेक बर्ष गाउँपालिका, पशु सेवा शाखाबाट नियमित अनुमन हुनेछ ।

## परिच्छेद – ६: प्राविधिक सहयोग, गुणस्तर नियन्त्रण र अन्य व्यवस्था

**१८. प्राविधिक सहजीकरण तथा क्षमता विकास:**

(क) कृषि तथा पशु विकास शाखाले उन्नत मकैको बीउ, नेपियर/सुपर नेपियरको कटिङ/बेर्ना तथा दाना फॉर्मुलेसनमा सहजीकरण गर्नेछ।

(ख) साइलेज बनाउने प्रविधि, (Fermentation) प्रक्रिया, सन्तुलित दाना मिश्रण, मइस्चर नियन्त्रण तथा सुरक्षित भण्डारण सम्बन्धी प्राविधिक तालिम नि:शुल्क प्रदान गरिनेछ।

**१९. गुणस्तर नियन्त्रण:**

(क) अनुगमन समिति तथा पशु सेवा शाखाले उद्योग र खेतीको नियमित अनुगमन गर्नेछ।

(ख) उत्पादित साइलेज र पशुआहार दानाको गुणस्तर (pH level, प्रोटिन, मइस्चर, पौष्टिक तत्त्व तथा ढुसी) पशु सेवा शाखाबाट समय-समयमा आबस्यकता अनुसार बिभिन्न प्रयोगशालामा परीक्षण गरिनेछ।

(ग)गुणस्तरहीन साइलेज तथा दाना बिक्री वितरण गर्न पाइने छैन।

**२०. अनुदान फिर्ता, असुली र खारेजी:**

(क) स्वीकृत कार्ययोजना र सम्झौता विपरीत काम गरेमा, अनुदान दुरुपयोग गरेमा वा तोकिएको समयभित्र उद्योग सञ्चालन नगरेमा गाउँपालिकाले अनुदान सम्झौता रद्द गर्न सक्नेछ।

(ख) दुरुपयोग भएको अनुदान रकम गाउँपालिकाले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

**२१. बाधा अड्काउ फुकाउने:**

यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै दुविधा, अस्पष्टता वा बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम र सर्वमान्य हुनेछ ।

## अनुसूची – १: प्रस्ताव आह्वानको सार्वजनिक सूचनाको ढाँचा

(कार्यविधिको दफा ७ सँग सम्बन्धित)

**रूपा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रूपाकोट, कास्की, गण्डकी प्रदेश**

### साइलेज तथा दाना उद्योग स्थापना र खेती विस्तारका लागि प्रस्ताव आह्वानको सूचना

सूचना प्रकाशित मिति: २०८३/..../....

रूपा गाउँपालिकाको "समूह तथा सहकारीसँगको सहकार्यमा साइलेज तथा दाना उद्योग स्थापना र सञ्चालन कार्यविधि, २०८३" बमोजिम गाउँपालिकाभित्र व्यावसायिक मकै तथा नेपियर घाँस खेती विस्तार, साइलेज तथा पशुआहार दाना उद्योग स्थापना र सञ्चालन गर्न इच्छुक कृषक समूह, सहकारी संस्था वा व्यावसायिक कृषकहरूबाट तोकिएको ढाँचामा व्यावसायिक कार्ययोजना (Business Plan) सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गाउँकार्यपालिकाको कार्यालय, पशु सेवा शाखामा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक कागजात तथा विस्तृत जानकारी गाउँपालिकाको वेबसाइट वा पशु सेवा शाखाबाट प्राप्त गर्न सकिनेछ।

## अनुसूची – २: प्रस्ताव/आवेदन फाराम

(कार्यविधिको दफा ८ सँग सम्बन्धित)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

रूपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

रूपाकोट, कास्की।

विषय: साइलेज तथा दाना उद्योग स्थापना / खेती विस्तारका लागि आवेदन।

महोदय,

रूपा गाउँपालिकाको स्वीकृत "साइलेज तथा दाना उद्योग स्थापना र सञ्चालन कार्यविधि, २०८३" अनुसार सञ्चालन हुने कार्यक्रममा सहभागी हुनका लागि तपसिल बमोजिमका विवरण र आवश्यक कागजातहरू संलग्न गरी आवेदन पेश गरेको/गरेका छौं।

१. आवेदक संस्था/कृषकको नाम:

२. ठेगाना: रूपा गाउँपालिका वडा नं. ........, टोल: ...................

३. दर्ता नं. र मिति (फर्म/समूह/सहकारीको हकमा): ..................................., PAN No: ..............................

४. सम्पर्क व्यक्ति / अध्यक्षको नाम: ........................................................., फोन नं: .......................................

५. प्रस्ताव गरिएको कार्यक्रमको शीर्षक (उपयुक्तमा सही चिन्ह लगाउनुहोस्):

[ ] व्यावसायिक मकै/घाँस खेती विस्तार

[ ] साइलेज मेसिनरी तथा दाना उत्पादन उद्योग स्थापना

[ ] साइलेज पिट / भण्डारण गोदाम निर्माण

६. खेती गरिने / उद्योग स्थापना हुने जग्गाको क्षेत्रफल: ................................................... रोपनी

७. जग्गाको स्वामित्व: [ ] निजी

[ ] भाडामा (सम्झौता अवधि: .................. वर्ष)

८. कुल अनुमानित लागत रु: .........................................................

९. पालिका अनुदान माग रु: ........................................)

**संलग्न कागजातहरू:**

१. समूह/सहकारी दर्ता, नवीकरण र PAN दर्ता प्रमाण पत्र

२. निर्णय/बैठकको माइन्युटको प्रतिलिपि

३. विस्तृत व्यावसायिक कार्ययोजना

४. जग्गाधनी प्रमाण पुर्जा वा भाडा सम्झौता पत्र

५. नागरिकता प्रतिलिपि र वडाको सिफारिस

आवेदकको दस्तखत: ...................

मिती: ...................

छाप (संस्थाको हकमा):

# अनुसूची – ३: अनुदान सम्झौता पत्रको ढाँचा

(कार्यविधिको दफा १३ सँग सम्बन्धित)

रूपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय (प्रथम पक्ष) र ............................................................... ............................................ (द्वितीय पक्ष) बिच साइलेज तथा दाना उद्योग स्थापना र खेती विस्तार कार्यक्रम कार्यान्वयनका लागि भएको सम्झौता पत्र:

हामी प्रथम पक्ष र द्वितीय पक्ष बिच "समूह तथा सहकारीसँगको सहकार्यमा साइलेज तथा दाना उद्योग स्थापना र सञ्चालन कार्यविधि, २०८३" को अधीनमा रही देहायका सर्तहरू पालना गर्ने गरी यो सम्झौता सम्पन्न गरिएको छ ।

सर्तहरू:

१. द्वितीय पक्षले स्वीकृत कार्ययोजना अनुसारको मकै/घाँस खेती/मेसिनरी खरिद/साईलेज खरिद/दाना खरिद वा पूर्वाधार निर्माण तोकिएको समयभित्र सम्पन्न गर्नुपर्नेछ ।

२. १००% अनुदानमा खरिद गरिएका मेसिनरी उपकरणहरू गाउँपालिकाको सम्पत्ति अभिलेखमा रहनेछ र कम्तीमा ५ वर्षसम्म बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

३. द्वितीय पक्षले उत्पादन गरेको साइलेज र दाना गाउँपालिकाभित्रका कृषकहरूलाई तोकिएको सहुलियत दरमा उपलब्ध गराउनुपर्नेछ ।

४. प्रथम पक्षले अनुगमन तथा सिफारिस समितिको प्रतिवेदनको आधारमा कार्यविधि अनुसार ३ किस्तामा अनुदान रकम भुक्तानी गर्नेछ ।

५. सम्झौता विपरीत काम गरेमा प्रथम पक्षले सम्झौता रद्द गरी अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नाम, थर : | नाम, थर : श्री |
| पद : | पद : |
| हस्ताक्षर:<br>छाप : | हस्ताक्षर:<br>छाप |
| रोहबर<br>१. | रोहबर<br>१. |

# अनुसूची – ४: कार्यप्रगति विवरण फाराम

(कार्यविधिको दफा १४ सँग सम्बन्धित)

१. संस्था/कृषकको नाम: ..................................................

२. सम्झौता मिति: .................... सम्झौता रकम रु: ....................

३. भौतिक प्रगति विवरण:

(क) मकै/नेपियर खेती विस्तार क्षेत्रफल: ............... रोपनी

(ख) मेसिनरी उपकरण खरिद/जडान स्थिति: [ ] सम्पन्न [ ] प्रक्रियामा

(ग)साइलेज पिट/गोदाम घर निर्माण स्थिति: ............... %

४. साइलेज/दाना उत्पादन परिमाण (कि.ग्रा./टन): ....................

५. वित्तीय प्रगति विवरण (हालसम्म भएको खर्च रु): ....................

प्रतिवेदन पेश गर्नेको दस्तखत: ....................

नाम/पद: ....................

मिति: ....................

# अनुसूची – ५: अनुदान भुक्तानी माग फाराम

(कार्यविधिको दफा १४ सँग सम्बन्धित)

श्रीमान्

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

रूपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय।

विषय: अनुदान किस्ता भुक्तानी पाउँ।

महोदय,

स्वीकृत कार्ययोजना र मिति ................................ मा भएको सम्झौता अनुसार हामीले ........................................................................ कार्य सम्पन्न गरिसकेकाले कार्यविधि बमोजिमको [ ] प्रथम [ ] दोस्रो [ ] तेस्रो (अन्तिम) किस्ता बापतको रकम रु. ................................................. (अक्षरेपी ....................................................................................) भुक्तानीका लागि कार्यप्रगति विवरण, बिल-भरपाई र फोटोहरू संलग्न गरी अनुरोध गर्दछौं।

बैंक खाता विवरण:

बैंकको नाम: ...................................

शाखा: ...................................

खाता नाम: ...................................

खाता नं.: ...................................

निवेदकको

दस्तखत: ...................

मिति: ...................

# अनुसूची – ६: अनुगमन, मूल्याङ्कन तथा भुक्तानी सिफारिस प्रतिवेदन

(कार्यविधिको दफा ११ र १२ सँग सम्बन्धित)

१. अनुगमन गरिएको संस्था/कृषकको नाम: ....................................................

२. अनुगमन मिति: ...................

३. अनुगमनका मुख्य प्राप्ति तथा भौतिक स्थिति:

४. मकै/घाँस खेतीको स्थिति: ....................................................

५. मेसिनरी/पूर्वाधारको अवस्था: ....................................................

६. गुणस्तर तथा भण्डारण स्थिति: ....................................................

७. अनुगमन समितिको निष्कर्ष तथा सुझाव: ........................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

८. भुक्तानी सिफारिस:

स्वीकृत कार्ययोजना अनुसार भौतिक प्रगति हासिल भएको देखिएकाले सम्झौता बमोजिमको [ ] प्रथम [ ] दोस्रो [ ] तेस्रो किस्ता बापतको रकम रु. .......................................... भुक्तानी दिन सिफारिस गरिन्छ।

अनुगमन तथा सिफारिस समिति सदस्यहरू:

१. संयोजक (उपाध्यक्ष): ..............................

२. सदस्य (प्रमुख प्रशासकीय अधिकृत): ..............................

३. सदस्य (कृषि विकास शाखा प्रमुख): ..............................

४. सदस्य (पूर्वाधार शाखा प्रमुख): ..............................

५. सदस्य (लेखा प्रमुख): ..............................

६. सदस्य (रोजगार/लघु उद्यम शाखा प्रतिनिधि): ..............................

७. सदस्य-सचिव (पशु सेवा शाखा प्रमुख): ..............................